गाउँपालिका अध्यक्ष श्रीमान् ठान बहादुर रोकायाज्यूले
सर्केगाड गाउँसभामा प्रस्तुत गर्नु भएको

सर्केगाड गाउँपालिका सरकारको आर्थिक बर्ष २०८०।८१ को

# नीति तथा कार्यक्रम

सर्केगाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलाय
सर्केगाड हुम्ला



CS CamScanner

आदरणीय गाउँसभा अध्यक्ष ज्यू,

गाउँसभाका उपाध्यक्ष ज्यू

सभाका सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारिहरु,

राजनितिक दल, प्रत्राकार,नागरिक समाज,बुद्धिजिवी तथा सम्पूर्ण महानुभावहरु,

यस गरिमामय सभामा सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा यस गाउँपालिकालाई विभिन्न चरणामा महत्वपूर्ण सुझाव दिनु हुने पालिकाबासी सम्पुर्ण आमा, बुबा, दाजुभाई तथा दिदी बहिनीहरुलगायत नागिरक समाज र सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

हाम्रो सर्केगाड गाउँपालिका प्राकतिक रुपले नै सुन्दर छ। यसलाई अब समृद्ध र समुन्नत बनाउने जिम्मेवारी हाम्रे काँधमा आइपरेको छ । यस दिशामा अघि बढ्ने क्रममा हामीले समस्त गाउँपालिकावासीको विकासको चाहानालाई केन्द्रमा राख्दै निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष गरेका प्रतिज्ञाहरु पुरा गर्ने उदेश्यले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई यहाँ प्रस्तुत गरेका छौं। यस नीति तथा कार्यक्रम मार्फत दीगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समुन्नत सर्केगाड र सुखी सर्केगाडबासी भन्ने लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ । उक्त लक्ष्य हासिल गर्न **कृषि, पर्यटन, वन र पहँचयुक्त पूर्वाधारः शिक्षा, स्वास्थ्य र समावेशी दिगो विकास समुन्नत सर्केगाडको आधार** भन्ने नारा तय गरिएको छ।

सर्केगाड गाउँपालिकालाई हुम्ला जिल्लाकै प्रमुख कृषि उत्पादन क्षेत्रको रुपमा विकास गर्ने, सडक बिजुली सञ्चार लगायतका पूवार्धार निर्माणमा जोड दिने, पयर्टनका सम्पूर्ण सम्भावनाहरुको सदुपयोग गरी आर्थिक विकास हासिल गर्ने साथै शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिकाको सर्वाङ्गिण विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ।

**(ख) विद्यमान परिवेश**

सन् २०२० बाट विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीले थलिएर माथि उठन लागेको विश्व अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत

प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजिमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएकोछ । आन्तरिक र वाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन् । उब्जाउ खेतबरी बाँझो हुन पुगेको छ । यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा बन्न पुगेको छ ।

यस वि]शिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडि बढाउँदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक तथा सामाजिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

विकास भनेको केवल आर्थिक पूर्वाधारमा हुने परिवर्तनमात्र होइन । विकासको केन्द्रमा सधै जनता हुन्छन् र उनीहरुले हामीबाट सर्वसुलभ सेवाको अपेक्षा राखेका हुन्छन् । त्यसकारण सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा दिलाउन यस गाउँपालिकाको क्षमता विकास गर्न अपरिहार्य छ । यसका लागि बिद्‌युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

अब म यस सर्केगाड गाउँपालिका क्षेत्रमा विकास तथा सम्ब्रद्धिको लक्ष्य हासिल गर्न हामीसँग उपलब्ध अवसर र चुनैतिहरुको समीक्षा प्रस्तुत गर्दछु ।

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका देखिन्छनः

१. संविधानतः अधिकार सम्पन्न अविच्छिन्न उत्तराधिकारवाला स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तथा आबधिक योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. सर्केगाड गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. गाउँपालिकामा आर्थिक र शैक्षिक रुपले क्रियाशील जनसँख्याको उच्च उपलब्धता हुनु ।
६. गाउँपालिकामा जल जमिन तथा जङ्गल स्रोत पर्याप्त हुनु ।
७. गाउँपालिका प्राय सबै वडामा कृषि बिबिधिकरण तथा जडिबुटी खेति हुने सम्भावना हुनु ।
८. पालिकाका आठ वटै वडा जोड्ने हिसाबले सडक तथा भौतिक पूर्वाधार निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

९. ग्रामीण आँखा उपचार केन्द्रलगायतका स्वास्थ्य केन्द्रको स्थापनाभएसँगै यस पालिकाका नागिरकको स्वास्थ्य सेवामा पहुँच पुग्नु ।

१०. विद्युत उत्पादन र इन्टरनेट सेवाको विकास भइ पालिकाका सम्पूर्ण जनताहरुसम्म सूचना तथा सञ्चारको पहुँच पुग्नु ।

११. सेवा प्रवाहमा दक्षता र क्षमता हासिल गरेको जनशक्ति पालिकामा हुनु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. सर्केगाड गाउँपालिका भरि सहज यातायात सुचारु गर्नु ।
२. पालिकाका सबै वडाहरु जोड्ने सडक सञ्जाल निर्माण गर्नु ।
३. कृषिका पकेट क्षेत्र पहिचान तथा प्रबद्धन गर्नु ।
४. रोजगारउन्मुख प्राबिधिक तथा सीपमूलक शिक्षाको विकास गर्नु ।
५. स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु ।
६. नागरिकको पहुँचमा खानेपानी सेवाको बिस्तार गर्नु ।
७. कृषि बजारको बिकास बिस्तार तथा दिगो ब्यबस्थापन गर्नु ।
८. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउनु ।
९. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
१०. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
११. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
१२. पालिकामा रहेका सास्कतिक सम्पदा संरक्षण गर्नु ।
१३. भिरालो ठाउँ तथा बाढी पहिरोलगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
१४. बनको दिगो ब्यबस्थापन गर्नु ।
१५. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु ।
१६. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
१७. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१८. पालिकामा बहुउद्देश्यीय सूचना वैक स्थापना गरी सूचनामा एकद्धार प्रणाली लागू गर्नु ।
१९. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू कर्णाली प्रदेशको प्रथम पञ्चबर्षीय योजना तथा हालै जारी भएको नीति तथा कार्यक्रम वर्ष २०८०/८१ का साथै समय समयमा यस सर्केगाड



CamScanner

गाउँपालिकाका नागरिक समाज विज्ञ र सर्वसाधारण नागरिकसँग विभिन्न चरणको सहभागितामूलक सवाद प्रक्रियाबाट यस सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधानका साथै यस त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट तयार हुँदै गरेको सर्केगाड गाउँपालिको आवधिक योजना तथा पार्श्वचित्र समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

विकास आफैंमा एक बहुआयामिक प्रक्रिया हो । यसको लक्ष्य नागरिको मुहारमा खुशी ल्याउनु हो । नागरिक खुशी हुन उनीहरुको जीवनयापन दिगो भएको हुनुपर्छ । दिगो जीवनयापनका लागि नागिरकको गौरवपूर्ण रोजगारी आय तथा शारिरीक तथा मानसिक स्वास्थ्य सुनिश्चित भएको हुनुपर्दछ । यसका साथसाथै सामाजिक सुरक्षा अमनचैन राजनीतिक स्थायित्व कायम भई कुनैपनि प्रकारका जोखिम तथा विपत्ती सामना गर्ने क्षमताको विकास भएमा मात्रै दिगो जीवनयापन कामय हुनसक्छ । यसको अर्थ के हो भने विकास र समुन्नतीको लक्ष्य हासिल गर्न पालिकाको राजनीतिक नेतृत्वको एकल प्रयासले मात्रै सम्भव हुँदैन । यसका लागि समाजका हरेक तह र तप्काको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । यस पालिकामा बिगतका केही बर्षा यता विकास तथा निर्माणको कार्यमा यहाँका आम उपभोक्ताहरु सर्वसाधारण नागरिक विभिन्न क्षेत्रका विज्ञहरु व्यावसायीहरु राजनीतिक दल विभिन्न सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरुके उल्लेखनीय सहयोग रहँदै आएको छ । यस बर्ष पनि शासकीय प्रबन्धमा जवाफदेहिता पारदर्शिता गुणस्तरीयता कायम राख्दै विकास निर्माणका हरेक क्रियाकलापमा प्रभावकारी जनसहभागिता सुनिश्चित गरिनेछ ।

प्रशासनिक तथा वित्तीय सुशासन बिना विकास र रुपान्तरणका लक्ष्य हासिल गर्न सकिंदैन । त्यसकारण यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भक्षण पद्दति लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रीत तुल्याउँदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस सर्केगाड गाउँपालिकाले आफ्नो क्षेत्रमा समुन्नत, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

## (ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

हामीले गत आ व को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै यस सर्केगाड गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक तथा सांस्कृतिक विकास, वन वातारण संरक्षण तथा विपद् व्याबस्थापन र सुशासन लगायतका क्षेत्रमा केही विशेषा कार्यक्रमहरु घोषणा गरेका थियौं । उक्त नीति तथा कार्यक्रम लागू गरी यस गाउँपालिकालाई समुन्नत बनाउने दिशामा सक्दो स्थानीय तथा राष्ट्रीय स्रोतको परिचालन गरिएको सर्वविदितै छ । अब म यस दिशामा भए गरेका प्रगतिको विवरण संक्षिप्त रुपमा यहाँ राख्रेछु ।



CamScanner

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म ८ वडा विभिन्न वडाहरुमा हाल सम्म २०.५ किलो मिटर धुले वा कच्ची सडक निर्माण सम्पन्न भएको छ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुग्ने अवस्थामा रहेको छ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ प्राथिमिकता वनाइएकोछ ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल अनुमानित ३ हेक्टरमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएकोछ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ,) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको १५ शैय्याको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । गाउँपालिकामा १ वटा ग्रामीण आँखा अस्पताल केन्द्र स्थापन भएको छ । गाउँपालिकाले स्थानीय जनतको स्वास्थ्यलाइ मध्यनजर गरी स्वास्थ्य शिविरबाट २००० जनाले प्रत्यक्ष लाभ लिए भने गाउँपालकाले सञ्चालन गरेको आखाँ शिविरबाट ९० जनाको आखाको शल्यक्रिया गरियो । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माणको लागि डि पी आर निर्माण भएको छ ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा २ किमि कृषि सडक निर्माण भएकोछ । गाउँपालिकाकको विभिन्न स्थानमा कृषि हाटबजार स्थापन भएको र १ वटा शीतगृहको निर्माण भै सञ्चालनमा रहेका छन । कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वियनमा ल्याइएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । यसबाट रोजगारी सृजना भएकोछ ।हालै यस गाउँपालिकाको कृषक जनताको जिवनस्तर उकास्नको लागि यस गाउँपालिका र खाद्य व्यापार तथा कम्पनी लिमिटेड सँग यस गाउँपालिकामा उत्पादन हुने सिमि कागुनो चिनो कोदो भटमास फापर जस्ता रैथाने वालिको उत्पादन र विक्रि वितरणमा गर्ने विषयमा सम्झौता भएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएकोछ । गाउँमा रहेका २१



CamScanner

वटा सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएकोछ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले ऐन १९ वटा नियमावली ६ वटा कार्यविधि ४२ र निर्देशिका २४ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक गुरूयोजना योजना र नीति तर्जुमाको प्रक्रियको थालनी भएको छ । गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँपालिकाले गत आ.व. २०७८।२०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा २७ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ **(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. स्थानीय आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप स्थानीय भूगोल प्राकृतिक स्रोत र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

४. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।



CamScanner

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

६. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

७. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

८. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१३. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१४. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१५. गाउँपालिका क्षेत्र भित्रका शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१६. शैक्षिक प्रणालीमै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. सर्केगाड गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता प्रतिकहरु निर्माण गरिनेछ ।



CamScanner

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको खोज अनुसन्धान र संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित इतिहास लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

३. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

४. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवध्द गरिनेछ।

भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

७. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

९. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।



CamScanner

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गरिनेछ।
६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।
११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।
१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
१३. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
१४. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१५. गाउँपालिकाका बालमैत्री घोषणा सबै वडा हरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।
२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेहजस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
४. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवाको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।
५. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।
६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।
७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ ।



CamScanner

८. महिला स्वयंसेविकाहरुको दक्षता विकासका लागि तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
१०. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
११. सीमान्तकृत, गरिव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।
१२. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**२.१** स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिका विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक प्रबर्धनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।
४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।



CamScanner

५. सम्पूर्ण स्थानीय कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई विशेष कर छुट दिनेका साथै उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।
६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न **सर्केगाड गाउँपालिका पर्यटन गुरुयोजना** तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
७. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
८. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।
९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशरहरुको वितरण गरिनेछ।
१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। सर्केगाड गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
४. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ । बजारमा हुने मागको जोखिमलाई न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।
६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनमा अनुदान दिने नीति लिइने छ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

### ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. स्थानीय सञ्चार गृहहरुको स्थापना गर्न प्रोत्साहन गर्दै गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।
२. गाउँपालिका क्षेत्र भित्रबाट कम्तीमा एउटा अखबार प्रकाशन गर्न आवश्यक पहल गरिनेछ ।
३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

### ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

### ५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,

१. सर्केगाड गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणालीकै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।



CamScanner

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. प्रहरी सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई



CamScanner

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

५. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

६. गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ। यसका लागि पालिकाको कार्यालय रहेको सर्केगाड क्षेत्रमा नमुनाको रुपमा एउटा सार्वजनिक शौचालय निर्माण गरि यो कार्यको थालनी गरिनेछ ।

७. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी बनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिका क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने नीति लिइनेछ । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिका क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. ताल तथा पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।



CamScanner

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।
७. ढुंगा गिट्टि जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
८. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
९. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
१०. गाउँपालिका विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
११. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. सर्केगाड गाउँपालिकाको छुट्टाछुट्टै आवधिक योजना, आवास योजना र बस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
५. ऋतु प्रवास परम्पराको कारणले हिउँदमा लेक र बर्खामा बेसीं बस्ती स्थानान्तरण हुने हुँदा नागरिकहरुलाई आधारभुत सामाजिक सेवामा सहज पहुँच नभइरहेकोले त्यस्ता बस्तीहरुलाई उपयुक्त ठाउँमा स्थानान्तरण गर्ने एकिकृत बस्ती बिकास कार्यक्रम लागू गरिनेछ ।
६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।
७. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको सभागृह, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवनलाई मर्मत तथा पुननिर्माण गरी सभा समारोहहरु सभागृहमा संचालन गर्न प्राथमिकता दिइनेछ।



CamScanner

८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

१०. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

११. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग नीतिलाई निरन्तरता दिइनेछ।

१२. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१३. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१४. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१५. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१७. निर्माणाधिन गाउँपालिका बसपार्कलाई समयमै निर्मण गरी शहरिकरणलाइ व्यवस्थित गरि आगामी आ.व.बाट प्रयोगमा ल्याइनेछ।

१८. पालिकाका विभिन्न वडाहरुमा नदि कटान नियन्त्रण गर्न तटबन्धन निर्माण गरिनेछ ।

१९. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

२०. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

२१. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम



CamScanner

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।
६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।
७. ढुंगा, गिट्टीजस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।
८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
११. अव्यवस्थित बसोबसीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।
१२. करदाताको कर लगतलाई ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्ने डिजीटल कर प्रणाली लागु गरिनेछ ।

---

**अनुसूचीः आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू**

**आर्थिक विकास**

१. स्थानीय विकास गुरुयोजना तयार गर्ने
२. ब्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण(धान क्षेत्र, मकै उत्पादन क्षेत्र, कोदो उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र)
३. स्याउ पकेट क्षेत्र
४. ओखर पकेट क्षेत्र

५. सुन्तला पकेट क्षेत्र
६. किवी पकेट क्षेत्र
७. जैतुन पकेट क्षेत्र
८. अल्लो पकेट क्षेत्र
९. कपास पकेट क्षेत्र
१०.केरा पकेट क्षेत्र
११.अनार पकेट क्षेत्र
१२.उखु पकेट क्षेत्र
१३.रुद्राक्ष पकेट क्षेत्र
१४.उन्नत पशुपालन पकेटक्षेत्र
१५.भिरालो भागहरूमा रहेका कृषि पकेट क्षेत्रमा टनेल फार्मिङ
१६.व्यावसायिक पशुपालन (गाई, भैसी, बाख्रा, भेडा च्याङ्ग्रा, बङ्गुर )
१७.व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)
१८.व्यावसायिक कुखुरा पालन
१९.व्यावसायिक ट्राउट र अन्य जातको माछापालन
२०.कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण
२१.जुस उद्योग
२२.स्थानीय अवस्था अनुसार भूउपयोग योजनाबाट कृषि पकेट क्षेत्र निर्धारण
२३.पर्यटन विकास गुरूयोजना निर्माण
२४.ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका पर्यटकीय स्थानहरूमा पूर्वाधार निर्माण
२५.स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना
२६.अन्तर जिल्ला पर्यटकीय पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण
२७.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार
२८.औद्योगिक ग्राम स्थापना
२९.तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन
३०.कृषि पकेट क्षेत्रमा स्थानीय कृषि उपज प्रशोधन सम्बन्धी उद्योग स्थापना
३१.स्थानीय उत्पादनको व्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण
३२.सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन
३३.व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी
३४.कुटानी पिसानी मिल
३५.माछापालनमा सहकारी
३६.व्यावसायिक कुखुरापालनमा सहकारीको लगानी
३७.मुख्य उत्पादनलाई मूल्य श्रङ्खलामा आबद्ध गरी बजारीकरण
३८.सहकारी संस्थाहरूको क्षमता विकास
३९.श्रम र श्रमको माग सम्बन्धी अभिलेखन
४०.रोजगार सूचना केन्द्र स्थापना
४१.वित्तीय साक्षरता कार्यक्रम संचालन
४२.आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन



CamScanner

४३. व्यावसायिक सीप विकास तालिम सञ्चालन
४४. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा
४५. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी बनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याउने

**सामाजिक विकास**

१. शैक्षिक नीतिस्थानीय पाठ्यक्रम , तथा योजना तर्जुमा
२. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री
३. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति
४. भर्ना अभियानका लागि घरदैलो कार्यक्रम
५. शिक्षक, विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया
६. गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद
७. सूचना प्रविधि तथा कम्प्युटर ल्याव
८. वाल क्लव गठन तथा संचालन
९. शिक्षक तालिम (पुनर्ताजगी)
१०. शैक्षिक नीति तथा योजना तर्जुमा
११. प्राविधिक शिक्षालयको स्थापना
१२. १५ बेडको अस्पताल स्थापना
१३. आँखा अस्पतालको निर्माण
१४. स्वास्थ्य संस्थाको पूर्वाधार विकास
१५. चिकित्सकको पद पूर्ति
१६. स्वास्थ्य बिमाको पहुँच विस्तार
१७. विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन
१८. स्वास्थ्य संस्थाको पूर्वाधार विकास
१९. स्वास्थ्य शिविर संचालन
२०. गुरुयोजना तयार गर्ने
२१. प्रयोगशाला स्थापना, व्यवस्थापन तथा संचालन
२२. खानेपानी तथा सरसफाइ बितरण व्यवस्था
२३. खानेपानी संरचनाहरूको निर्माण तथा मर्मत
२४. खानेपानी प्रसोधन सम्बन्धि संरचना निर्माण
२५. लैससास नीति तर्जुमा तथा समायोजन, संशोधन
२६. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क
२७. महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण
२८. आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम
२९. लैङ्गिक विभेद, हिंसा तथा शोषण, बालबिबाह रोकथामकालागी अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम



CamScanner

३०.महिला पुरुषको संयुक्त नाममा घर जग्गा पास गर्दा दिने छुटमा समायोजनको नियम बनाई लागू
३१.ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन
३२.अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण
३३.लैङ्गिक विभेद, हिँसा तथा शोषण विरुद्ध विद्यमान व्यवस्थाको अभिमुखीकरण
३४.बालबिबाह रोक्न बिशेष कार्यक्रम
३५.ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन
३६.अपाङ्गता भएकालाई आवश्यक सहयोग ी सामाग्री
३७.सामाजिक सुरक्षा, सामाजिक संरक्षण
३८.लक्षित वर्ग विशेष कार्यक्रम
३९.युवा रोजगारी कार्यक्रम
४०.विदेश पलायनवाट युवावर्गलाई रोक्न पालिकामा नै विकासका कृयाकलाप
४१.गाउँपालिका स्तरीय कभर्डहल निर्माण, खेलकुदस्थल व्यवस्थित गर्ने
४२.युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद
४३.खेलकुद प्रतियोगिता
४४.उत्कृष्ट खेलाडी सम्मान
४५.युवाको क्षमता विकास
४६.प्रशिक्षक प्रशिक्षण
४७.युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद क्षमता विकास
४८.खेलकुद पूर्वाधारको विकास
४९.मन्दिर निर्माण

**भौतिक पूर्वाधार विकास**

१. यातायात गुरु योजना अध्यावधिक गरी कार्यान्वयन
२. सडक मापदण्ड तथा नीति नियम निर्माण
३. स-साना पुलहरू तथा कल्भर्टहरू निर्माण
४. स-साना झोलुङ्गे पुलहरू, सडक पुलहरू निर्माण
५. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तर उन्नति
६. सर्भेक्षण कार्यहरू गर्ने, डिपिआर तयार गर्ने र निर्माण
७. आवश्यकता अनुसार बैकल्पिक पदमार्ग निर्माण
८. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय
९. ठुल्ठुला झोलुङ्गे पुलहरूको अध्ययन तथा निर्माण
१०.प्रादेशिक सडकहरूको निर्माण
११.पर्यटकिय पदमार्गहरूको निर्माण तथा स्तरोन्नति
१२.सरोकारवाला बिच समन्वय
१३.सडकपुलहरूको अध्ययन तथा निर्माण
१४.ठुल ठुला नदिहरूमा पर्ने पुलहरूको अध्ययन तथा निर्माण
१५.पालिका केन्द्रमा बसपार्क निर्माण

१६. भवनको नमूना डिजाइन निर्माण
१७. स्थानीय डकर्मी र सिकर्मी तालिम
१८. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन
१९. ढल निकासको व्यवस्था
२०. सभागृह निर्माण
२१. अपाङ्ग मैत्री संरचना निर्माण
२२. एकल महिला भवन निर्माण
२३. बृद्धाश्रम निर्माण
२४. सार्बजनिक भवनहरूको लगत राखी अभिलेखीकरण
२५. सामुदायिक भवन निर्माण ।
२६. स्थानीय प्राविधिकलाई नव प्रविधि सम्बन्धी तालिम
२७. सतह सिँचाइ निर्माण
२८. सिँचाइ प्रणाली निर्माण
२९. गाउँपालिकाको जल उपयोग गुरुयोजना
३०. क्षमता विकास
३१. जल उपयोग बहुउद्देश्यीय योजना तयार
३२. नदी नियन्त्रण तटबन्धन निर्माण
३३. पहिरो नियन्त्रण तथा व्यवस्थापन
३४. विद्युत् योजनाको पहिचान
३५. लगानी प्रबर्धन
३६. बैकल्पिक ऊर्जा
३७. सुरक्षित विद्युत् प्रयोग गर्न चेतना अभिवृद्धि
३८. मझौला जल विद्युत् निर्माण
३९. विद्युत् प्रसारण लाइन
४०. निजी क्षेत्रसँगको सहकार्य
४१. एफ एम रेडियो प्रसारणमा सहयोग र सहजीकरण
४२. स्थानीय पत्रिका प्रकाशनमा सहयोग
४३. विद्युत् सूचना पूर्वाधार निर्माण
४४. थप टेलिफोन टावर निर्माण
४५. विद्युत् सूचना पूर्वाधार निर्माण
४६. संघ प्रदेश र स्थानीय तहमा विद्युतीय सूचना प्रणालीको आबद्धता

**वन, वातावरण तथा जलवायु परिवर्तन**

१. सामुदायिक वनको लगत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति
२. वन, पैदावार व्यवस्थापन
३. जैविक विविधता संरक्षण
४. अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य
५. भू तथा जलाधार संरक्षण
६. फोहरमैला व्यवस्थापन



CamScanner

७. क्षमता विकास
८. नर्सरी स्थापना
९. वृक्षरोपण क्षेत्रको पहिचान
१०.निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन
११.पानी भरण पोखरीहरूको निर्माण
१२.उपभोक्ता तथा सरोकार निकायसँग समन्वय
१३.जलवायु परिवर्तन अनुकुलन योजना निर्माण
१४.सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान

**सुशासन तथा संस्थागत विकास**

१. कानून निर्माण पुनरावलोकन
२. संस्थागत स्व-मूल्यांकन
३. घुम्ती सेवा
४. सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण
५. पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि
६. संगठन तथा व्यवस्थापन अध्ययन
७. सूचना सञ्जालीकरण
८. क्षमता विकास
९. प्रदेश सरकारसँग सहकार्यमा सम्पादन हुने
१०.कानून नर्माण र पुनरावलोकन
११.संघीय सरकारसँग सहकार्यमा सम्पादन हुन सक्ने
१२.नमूना ऐन, नियम, कार्यविधि र मापदण्डहरू
१३.सर्केगाड स्मारिका प्रकाशन

अन्तमाः

CamScanner

अन्तमा:

गाउँसभाका सदस्य ज्यू ,

सर्केगाड गाउँपालिकालाइ वर्तमान विषम् परिस्थितिसँग जुध्दै ऐतिहासिक ,साँस्कृतिक, समुन्नत, बिरासतलाइ इतिहासको बर्तमान र भविष्यसँग जोड्दै समृद्धितर्फ लैजाने जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने ,स्थानीय सरकार र स्थानीयवासी विचको समधुर सम्बन्ध कायम गर्ने ,आधुनिक प्रबिधि र मौलिक पहिचानको सम्मिश्रणबाट सर्केगाड गाँउपालिकालाइ सफा ,सुन्दर ,हरीयाली,स्वस्थ ,सुरक्षित साँस्कृतिक र जीवन्त गाउँपालिका बनाउने सन्दर्भमा हाम्रा प्रयन्त अविचलित रहनेछन् ।यस अवसरलाइ सदुपयोग गरी स्वच्छ ,निष्पक्ष ,न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ ।

संविधानले तथा स्थानीय कानुनले निर्दिष्ट गरे अनुरुपका कार्य गर्नु हाम्रो दायित्व हो । सम्पूर्ण सर्केगाड गाउँपालिकावासीलाइ सुशासनको प्रत्याभूति गराउने विकास र समृद्धिको लागि योजनाबद्ध ढंगले अगाडि बढी नमुना र समृद्ध सर्केगाड गाउँपालिका बनाउन हामी दृढ अठोट गर्दछौं ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तयारि गर्ने क्रममा सहयोग,सल्लाह र सुझाब दिइ योगदान गर्नुहुने गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू ,कर्णाली प्रदेश योजना आयोगका पुर्व सदस्य ज्यू,सम्पूण वडा अध्यक्षज्यू ,राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी ,निजी ,सहकारी क्षेत्र र सामुदायिक क्षेत्र श्रमिक वर्ग,नागरिक समाज ,विकास साझेदार ,संचारकर्मी ,पत्राकारज्यू लगायत सम्पूर्णा गाउँपालिका निवासी आमा वुवा, दिदिबहिना दाजुभाइ सवैलाइ हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

यस गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयनको लागि हार्दिक अपिल गर्दछु धन्यवाद ।

ठान बहादुर रोकाया

अध्यक्ष, सर्केगाड गाउँपालिका



CS CamScanner